मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

राजविराज, सप्तरी

फोन नं. ९८५२८२०७६५
Email : akcsaptari@gmail.com,
dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

## स्यालो ट्यूबेल/मोटर/ कुलो पैंनी कार्यक्रमको लागि सूचना

सूचना न. १/२०७९/८०

प्रथम पटक प्रकाशित मिति २०७९।०५।२०

यस कृषि ज्ञान केन्द्र, सप्तरीको आ.व. २०७९/२०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्धन र व्यवसायिक कृषि उत्पादन क्षेत्र सुदृढिकरणका लागि सिंचाई व्यवस्थापन सहयोग अन्तर्गत (स्यालो ट्यूवेल/ मोटर/ कुलो पैनी ) अनुदान कार्यक्रम संचालन गर्न १५ % लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था/ कृषि उत्पादनमा संलग्न निजी फर्म/ उद्यमीहरुले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात मिति २०७९।०५।२० गते देखि २०७९।०६।०९ गते सम्ममा कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु फाइलमा संलग्न राखि प्रस्ताव/ आवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ ।रित्त नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।प्रस्ताव/आवेदनका लागि थप जानकारी यस ज्ञान केन्द्र र Website: www.akcsaptari.p2.gov.np बाट लिन सकिन्छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु:-**

- अनुसूची २ बमोजिमको आवेदन साथ रु १०/- को टिकट।
- आवेदकको (व्यक्तिको हकमा ) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आवेदकको (समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा) दर्ता र नविकरण भएको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि र आवेदकको (कृषक समुह/कृषि सहकारी संस्था र फर्म कम्पनिको हकमा) स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- मांग गरेको स्यालो ट्युवेल जडान हुने जग्गाको जग्गाधनी पुर्जाको (सो नभए भोगाधिकार प्रमाण) को प्रमाणित प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत ।
- स्थानिय निकायमा रहेको कृषि बिकास शाखा वा वडा कार्यलयको सिफारिसपत्र।
- मांग गरेको स्यालो ट्युवेल जडान हुने जग्गाको नक्शाको ब्लू प्रिन्ट/कम्पुटर प्रिन्ट ।
- समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि ।
- कृषक(व्यक्ति)को हकमा नागरिकताको प्रतिलिपि र समुह, सहकारी संस्थाको हकमा अध्यक्ष,कोषाध्यक्ष/सचिवको नागरिकताको प्रतिलिपि र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र ।
- यस ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत हाल र विगत २ वर्ष भित्र जोन, ब्लक, पकेट तथा अन्य संघ संस्थाबाट स्यालो ट्यूवेल जडान कार्यको लागी अनुदान पाईसकेका कृषक, कृषक समूह, कृषि सहकारी, तथा कृषि फर्महरुले स्यालो ट्यूवेलको लागी निवेदन दिन पाउने छैन ।भिडभाडमा धोखाले आवेदन दर्ता भए रद्द गरिने छ।
- आफ्नै/ संस्थाको खर्चमा स्यालो ट्यूवेल जडान गरि सकेका कृषक/ उपभोक्ताहरुले विधुतिय मोटर तथा अन्य सिंचाई सामग्रीहरु माग गर्न सकिने छ ।
- गत विगत २ आ.व. भित्र यस ज्ञान केन्द्रबाट कुनै कार्यक्रम नपरेका (कृषक, कृषक समुह, कृषि सहकारी संस्था तथा फर्म कम्पनिहरुलाई) ग्राह्ययता दिइने छ ।
- स्यालो ट्यूवेलको लागि आवेदन अन्तिम दिन मात्र दर्ता गराउने परमपराले गर्दा भिडभाड बढ्ने र आवेदन दर्ता गराउन छुट हुने सम्भावना रहेकोले भिडभाड हुन नदिन कुरालाई ध्यानमा राखी अन्तिम समय सिमा भन्दा अगाडीनै निवेदन दर्ता गराउनु पर्ने छ ।
- कुलोपैनी, हकमा कृषक समुह/ कृषि सहकारी संस्थाहरु मात्र अनुदानको लागि योग्य हुने छ ।
- प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।
- झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन/निवेदन रद्द हुने छ।

**अनुदानका सर्तहरु:-**

१) स्यालो ट्यूवेलबाट सिंचाई पुर्याउने खेती योग्य जग्गाको हकमा १५० मि. अर्धव्यास भित्र तरकारी, खाद्यान्न वालीको हकमा कम्तीमा २ विघा,माछापालन को हकमा कम्तीमा १.५ विघा र कृषि/ कृषि वन नर्सरी/ फर्मको हकमा कम्तीमा १० कठ्ठा जग्गाको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने ।

२) स्यालो ट्यूवेलको लागी विधुतिय मोटर र इस्टीमेट बमोजिमको पाइप, जाली तथा अन्य ट्यूवेल सामग्रीहरुमा बढीमा ८५% अनुदानमा दिईनेछ ।

३) साना सिंचाईको लागी आवेदन दिने व्यक्ति/ संस्था/ फर्मले ईस्टिमेट बमोजिमको १५% रकम आयोजना छनौटमा परे पछि सम्झौताको समयमा राष्ट्रिय वाणिज्य बैंक, राजविराज स्थित प्रदेश लेखा ईकाइ कार्यालय सप्तरीको धरौटी खाता नं. २१८०१००२०२०३०००० मा यस ज्ञान केन्द्रको कार्यलय कोड न. ३१२०११५०१२ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
सप्तरी,राजविराज

फोन नं .९८५२८२०७६५
Email : akcsaptari@gmail.com,
dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

पत्र संख्या : २०७९/०८०

## प्रस्ताव आवह्वनको सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७९/०५/२०

यस ज्ञान केन्द्रको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, र कृषि फर्महरुले माग गरिएको कागजात सहित फाइल माथि स्पस्ट खुलाई प्रथम पटक प्रकाशित मितिले २१ औं दिन (२०७९/०६/०९) भित्र यस ज्ञान केन्द्रमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र. स. | सूचना न. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत (%) | लक्षित सेवाग्राही | पेश गर्दा चाहिने कागजातहरु |
|---|---|---|---|---|---|
| १ | २/ २०७९/ ८० | कृषि यन्त्र उपकरण प्रवर्धन र व्यवसायिक कृषि उत्पादन क्षेत्र सुदृढीकरणका लागि कृषि यन्त्र उपकरण सहयोग (स्वचालित/एट्याचमेन्टस/ बीउ प्रसोधन लगयात अन्य) | ५०% | कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म,बीउ व्यवसायी | १.कृषि ज्ञान केन्द्रले तयार परेको निर्धारित ढाँचाको राम्ररी भरेको रु १० को टिकेट टाँसेको आवेदन फर्म।<br>२.कृषकको हकमा आफु र आफ्नो परिवारको नाममा रहेको ३ बिघा जग्गा भएको धनि पुर्जा प्रमाणित प्रतिलिपि र समुह र सहकारीको हकमा सदस्यहरुको ४ बिघा जग्गा भएको धनि पुर्जा प्रमाणित प्रतिलिपि।<br>३.आफ्नो जग्गा नभए खेति गरिरहेको ३ बिघा जग्गाको कम्तिमा पाँच वर्ष अवधिको करारनामापत्र (लिजमा)।<br>४.स्थानिय निकायमा रहेको कृषि बिकास शाखा वा वडा कार्यालय सिफारिसपत्र।<br>५.ट्राक्टर एट्याचमेन्टको लागि आफ्नो परिवारको नाममा रहेको ब्लू बुक को प्रमाणित प्रतिलिपि।<br>६. संस्थाको पान न.,२०७८/७९ को कर चुक्ता र प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।<br>७.नागरिकताको प्रमाणित प्रतिलिपि।<br>८.संस्थाको हकमा अध्यक्ष र सचिव/कोषाध्यक्षको नागरिकता तथा अन्य कागजातको प्रतिलिपि।<br>९.बीउ उत्पादक भए बीउ उत्पादन तथा भण्डारण सम्बन्धि तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।<br>१०.समुह/संस्था/फर्म तथा बीउ उत्पादकको हकमा माँग गरेको योजना सम्बन्धि निर्णयको प्रतिलिपि।<br>११. पुरानो पकेट/ब्लक हकमा संचालक समितिको प्रमाणपत्र र निर्णयको प्रतिलिपि। |
| २ | ३/ २०७९/ ८० | बगर खेतीमा सहयोग (तरकारी वाली प्रवर्धन सहयोग कार्यक्रम) | उत्पादन सामग्री ५०% र पुजीगत सामग्री ८५% | कृषक समूह, कृषि सहकारी, कृषि फर्म | १.कृषि ज्ञान केन्द्रले तयार परेको निर्धारित ढाँचाको राम्ररी भरेको रु१० को टिकेट टाँसेको आवेदन फर्म।<br>२.स्थानिय निकायमा रहेको कृषि बिकास शाखा वा वडा कार्यालय सिफारिसपत्र।<br>३. संस्थाको पान न.,२०७८/०७९ को कर चुक्तार प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।<br>४.संस्थाको हकमा अध्यक्ष र सचिव/कोषाध्यक्षको नागरिकता तथा अन्य कागजातको प्रतिलिपि।<br>५.निवेदक/संस्थाको नाममा रहेको कम्तिमा ३ विघा क्षेत्रफल भएको धनीपुर्जाको प्रमाणित प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र। बगर क्षेत्रको जग्गामा बगर खेति गरिएको छ भने सम्बन्धित पालिकाको सहमति सहित वास्तवमा |

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,
कृषि विकास निर्देशनालय


# कृषि ज्ञान केन्द्र

सप्तरी,राजविराज

फोन नं .९८५२८२०७६५
Email : akcsaptari@gmail.com,
dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ४/२०७९/८० | प्रस्तावमा आधारित व्यवसायिक कृषि बिकास कार्यक्रम (लसुन,प्याज,सोहिजन,मेवा, मुंग,ड्रागन आदि) | उत्पादन सामग्री ५०% र पुजीगत सामग्री ८५% | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म,बीउ व्यवसायी | १.कृषि ज्ञान केन्द्रले तयार परेको निर्धारित ढाँचाको राम्ररी भरेको रु१० को टिकेट टाँसेको आवेदन फर्म। २.स्थानिय निकायमा रहेको कृषि विकास शाखा वा वडा कार्यालय सिफारिसपत्र। ३. संस्थाको पान न.,२०७८/०७९ को कर चुक्ता र प्रमाण पत्रको प्रमाणित प्रतिलिपि। ४.नागरिकताको प्रमाणित प्रतिलिपि। ५.संस्थाको हकमा अध्यक्ष र सचिव /कोषाध्यक्षको नागरिकता तथा अन्य कागजातको प्रतिलिपि। ६.निवेदकको नाममा रहेको कम्तिमा १० कठा क्षेत्रफल धनीपुर्जाको फोटोकपी, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र। ७.संस्थाको सदस्यको हकमा एकै ठाउमा सामुहिक रुपमा कम्तिमा १० कठ्ठा बाली लगाएको हुनु पर्ने। |

नोट : प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ।एक वटा कृषक/संस्थाहरुले बढीमा दुई वटा भन्दा बढी प्रस्तावनाको लागि आवेदन दिन पाउने छैन।गत विगत दुई आ.व. भित्र कुनै विषयमा अनुदान पाई सकेको व्यक्ति/ संस्थाले सोहि विषयमा पुनः अनुदान पाउने छैन।झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन/निवेदन रद्द हुने छ।

२०८१/५/२०
...................................
राजेन्द्र प्रसाद यादव
(दशौ तह)
प्रमुख